# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सहकारीमा भएको बेथिति सम्बन्धी छानबिन तथा जाँचबुझ गरी कार्यान्वयनयोग्य प्रतिवेदन पेश गर्न देहाय बमोजिमको जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ :-

**१. जाँचबुझ आयोगको संरचना :**

(क) उच्च अदालतका पूर्व न्यायाधीश श्री विनोद प्रसाद शर्मा, सूर्यविनायक -५, भक्तपुर -अध्यक्ष

(ख) श्री नवराज सापकोटा, चन्द्रपुर -९, रौतहट -सदस्य

(ग) श्री पुण्य प्रसाद दंगाल, शङ्खरापुर नगरपालिका -१, काठमाडौं -सदस्य

(घ) श्री नवराज सिम्खडा, दार्खा -७, धादिङ -विज्ञ सदस्य

(ङ) श्री बसन्त बहादुर शाक्य, काठमाडौं महानगरपालिका-१७, काठमाडौं -विज्ञ सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २. जाँचबुझ आयोगको कार्यादेश :

(क) सहकारी ऐन, २०४८ लागु भए पश्चात् सहकारी विभाग र अन्तर्गतका निकायबाट भएका सहकारी दर्ता, कार्यक्षेत्र विस्तार, एकीकरण र नियमन लगायतका विषयमा भएगरेका कामकारबाही र जारी भएका निर्देशनको सम्बन्धमा अध्ययन तथा छानबिन गर्ने,

(ख) सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार, एकीकरणको विवरण र उक्त कार्यमा संलग्न कर्मचारी तथा पदाधिकारीको विवरण लिने,

(ग) सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ कार्यान्वयनमा आए पश्चात् हालसम्म सहकारी दर्ता र नियमन गर्ने निकायबाट भए गरेका कमी कमजोरीको छानबिन गरी गम्भीर गल्ती गर्ने उपर कानून बमोजिम कारबाहीको सिफारिस गर्ने,

(घ) सहकारी ऐन, २०७४ लागु हुँदा खारेज भएका संरचनाको स्रेस्ता हस्तान्तरणको प्रक्रिया र सोको विवरण समेत विश्लेषण गरी राय तथा सुझाव पेश गर्ने,

(ङ) सहकारी सम्बन्धी कानूनी र संरचनागत व्यवस्थाका कारण देखिएका समस्याको पहिचान र समाधानका उपायहरू समेटी सुझाव पेश गर्ने,

(च) सहकारी समस्या समाधान गर्न नेपाल सरकारबाट विभिन्न समयमा गठित कार्यदल, समिति र आयोगको प्रतिवेदनको कार्यान्वयनको अवस्था समेतको अध्ययन विश्लेषण गरी सहकारी क्षेत्रमा विकृति र विसङ्गतिजन्य समस्या दोहोरिन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नदिन अपनाउनुपर्ने उपाय तथा सुझाव सहितको कार्यान्वयन कार्ययोजना पेश गर्ने।

**३. जाँचबुझ आयोगको कार्य प्रणाली :**

(क) आयोगले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम आफ्नो कार्यसम्पादन गर्नेछ।

(ख) आयोगले कसैको दवाब वा प्रभावमा नपरी स्वतन्त्र र निष्पक्ष ढङ्गले कार्य गर्नेछ।

**४. जाँचबुझ आयोगको समयावधि र जनशक्ति :**

(क) आयोगले कार्य प्रारम्भ भएको मितिले तीन महिनाभित्र राय सहितको प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नेछ।

(ख) आयोगको कार्यालयमा आवश्यक पर्ने कर्मचारी (उपसचिव -१, शाखा अधिकृत -२, नायब सुव्बा-२, कम्प्युटर अपरेटर -२, कार्यालय सहयोगी -२) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले उपलव्ध गराउने।

(ग) आयोगले आवश्यकता अनुसार बढीमा पाँच जनासम्म अनुसन्धानकर्ता नियुक्त गरी कामकाजमा लगाउन सक्नेछ।

**५. जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यको सेवा सुविधा र अन्य व्यवस्था :**

(क) आयोगका अध्यक्षलाई उच्च अदालतको न्यायाधीश सरहको पारिश्रमिक र सवारी चालक, इन्धन, सवारी साधन तथा सञ्चार बापत मासिक एकमुष्ठ चालीस हजार रुपैयाँ उपलव्ध गराउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोगका सदस्यलाई नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी सरहको पारिश्रमिक र सवारी चालक, इन्धन, सवारी साधन तथा सञ्चार बापत मासिक एकमुष्ठ चालिस हजार रुपैयाँ उपलब्ध गराउने।

(ग) आयोगले नियुक्त गरेका अनुसन्धानकर्तालाई मासिक चालिस हजार रुपैयाँ उपलब्ध गराउने।

(घ) आयोगलाई आवश्यक पर्ने मसलन्द, फर्निचर लगायतका सामान भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले उपलब्ध गराउने।

(ङ) आयोग, अनुसन्धानकर्ता र आयोगको सचिवालयका लागि आवश्यक पर्ने बजेट भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको आ.व. २०८२/०८३ को चालु खर्चतर्फ विनियोजित खर्च शीर्षकमा बचत हुने बजेटबाट रकमान्तर गरी उपलब्ध गराउने।

**६. जाँचबुझ आयोगको सचिवालय र सम्पर्क मन्त्रालय :**

(क) आयोगको सचिवालय काठमाडौंमा रहनेछ।

(ख) आयोगको सम्पर्क मन्त्रालय नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय रहनेछ।

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.३५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।